# सहायक वाटर पम्प मेकानिकका लागि पाठ्यक्रम निर्देशिका

**Program Guide for Assistant Water Pump Mechanic**

*अन्तर्राष्ट्रिय श्रम संगठन/समयबद्ध कार्यक्रम*

*तथा*

*विश्व शिक्षा/उज्यालो भविष्य परियोजनाका*

*लागि तयार गरिएको कार्यकालीन तालीम सम्बन्धी पाठ्यक्रम*

*वि.सं. २०६१*

अन्तर्राष्ट्रिय श्रम संगठन
बालश्रम उन्मुलनका लागि अन्तर्राष्ट्रिय कार्यक्रम

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

विश्व शिक्षा

कार्यकालीन तालीमको प्रस्तुत पाठ्यक्रम अन्तर्राष्ट्रिय श्रम संगठनको समयबद्ध कार्यक्रम तथा विश्व शिक्षाको उज्यालो भविष्य परियोजनाका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतको पाठ्यक्रम विकास महाशाखाद्वारा तयार गरिएको हो । पाठ्यक्रम निर्माणको पहिलो चरण अर्थात् DACUM Workshop मा नेपाल ट्रेड यूनियन महासंघ, नेपाल ट्रेड यूनियन कांग्रेस, नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ तथा WEAN सँग सम्बन्धित विषय विज्ञहरुको सक्रिय सहभागिता रहेको व्यहोरा सम्बन्धित सबैलाई सधन्यवाद जानकारी गराइन्छ ।

पाठ्यक्रम तयार गर्नेः *पाठ्यक्रम विकास महाशाखा, प्रा.शि.तथा व्या.ता.परिषद् सानोठिमी, भक्तपुर ।*

**अनुवादकः *प्रदीप अधिकारी, मिष्टरकान्त मैनाली र कविता काफ्ले ।***

# सहायक वाटर पम्प मेकानिकका लागि पाठ्यक्रम निर्देशिका

## परिचय :

अन्तर्राष्ट्रिय श्रम संगठनको बालश्रम उन्मूलनका लागि अन्तर्राष्ट्रिय कार्यक्रम अर्थात आइपेक (IPEC) र विश्व शिक्षा (World Education)ले नेपालमा हुने निकृष्ट प्रकारका बालश्रम उन्मूलनलाई प्राथमिकता दिंदै क्रमशः बालश्रम हटाउन विभिन्न उपायलाई प्रवर्द्धन गरेका छन् । आइपेक र विश्व शिक्षाका पहलहरू सरकार, ट्रेड युनियन, रोजगारदाता संघ र गैरसरकारी संघसंस्थाको साझेदारीमा कार्यान्वयन गरिन्छन् । आइपेक (IPEC)ले प्रवर्द्धन गरेको विभिन्न नयाँ कार्यक्रमहरूमध्ये एक हो समयबद्ध कार्यक्रम (Time Bound Programme) । अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १८२ मा परिभाषित विशेष प्रकारका निकृष्ट बालश्रमलाई तोकिएको समयावधि भित्र रोकथाम गर्नु समयबद्ध कार्यक्रम र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रम (Brighter Fututre Programme) को लक्ष्य हो ।

समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमको उद्देश्य श्री ५को सरकारद्वारा बालश्रम उन्मुलनका लागि बनाइएको गुरू योजनामा सहयोगीको रूपमा काम गर्नु रहेको छ । यसै सिलसिलामा यस कार्यक्रमले नेपालमा पहिचान भएका सात निकृष्ट प्रकारका बालश्रमहरूको पहिचान गरेको छ । त्यस्ता बालश्रमिकहरूमा : १. घरेलु बालश्रमिकहरू, २. बालभरियाहरू, ३. बाल बँधुवा मजदूरहरू, ४. अवैध बेचविखनमा परेका बालबालिकाहरू, ५. सडक बालबालिकाहरू (खाते), ६. गलैंचा कारखानामा काम गर्ने बालबालिकाहरू तथा ७. खानीमा कामगर्ने बालबालिकाहरू पर्दछन् । समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमले यस्ता बालश्रम उन्मूलनका लागि विभिन्न कदमहरू चालिरहेका छन् ।

नेपालमा अपनाइएका समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमका शैक्षिक पहलहरू बालश्रम रोकथाम गर्न र बालश्रमिकहरूलाई पुर्नस्थापित गर्न अति नै प्रभावकारी देखिएका छन् । यी दुवै कार्यक्रमले निकृष्ट प्रकारका बालश्रमबाट संयुक्त रूपमा उद्धार गरिएका सबै बालबालिका तथा युवाका लागि निशुल्क शिक्षा, उपयुक्त व्यावसायिक तालीम (Vocational Training) एवं कार्यकालीन तालीम (Apprenticeship Training) का अवसरहरूको प्रवर्द्धन गर्दछन् । यस सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम संगठनको आइपेक (IPEC) र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रमले निकृष्ट प्रकारका बालश्रममा संलग्न ठूला उमेरका बालबालिका लागि विभिन्न व्यावसायिक क्षेत्रहरुमा कार्यकालीन तालीम (Apprenticeship Training) कार्यक्रमको रूपरेखा तयार गरेका छन् ।

## कार्यक्रमको आवश्यकता :

नेपालमा संचालन भइरहेका विभिन्न प्राविधिक तालीमहरूका मिश्रित परिणामहरू देखिएका छन् । द्रुतगतिमा धेरै ठूलो संख्यामा प्राविधिक तथा व्यावसायिक प्रशिक्षण दिने संस्थाहरू खुलेका छन् । यसको अनुपातमा भर्ना हुने युवा युवतीहरुको संख्यामा पनि वृद्धि भइरहेको छ । तर त्यसमा केही समस्याहरु देखा परेका छन् । मूख्यतः प्रशिक्षण कार्यक्रमहरु धेरै संरचनागत छन् । प्रशिक्षणको शैली चाहिं संस्थागत आधारमा बनाइएको छ । त्यस्तै विद्यार्थी भर्नालाई व्यवस्थित बनाउनका लागि न्यूनतम मापदण्ड तोकिएको हुन्छ । नेपालमा पहिचान गरिएका निकृष्ट प्रकारका बालश्रमिकहरूको न्यून साक्षरता दरको पृष्ठभूमीलाई विचार गर्ने हो भने व्यावसायिक प्रशिक्षण दिने त्यस्ता संस्थाहरुले आफ्नो तालीममा प्रवेश

लागि तोकेका न्यूनतम मापदण्ड अति नै उच्च भएको पाइन्छ । यसको साथै यस्ता धेरै व्यावसायिक तालीम प्रतिष्ठानहरू महँगा पनि छन् । यिनै कारणहरुले समेत गर्दा निकृष्ट प्रकारका बालश्रममा लागेका बालबालिकाहरु प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको पहुँचबाट टाढा भएका छन् । तसर्थ अन्तर्राष्ट्रिय श्रम संगठनको आइपेक (IPEC) र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रमले निकृष्ट प्रकारका बालश्रममा संलग्न १४ वर्षमाथिका बालबालिका लागि कार्यकालीन तालीम (Apprenticeship Training) मोडेललाई व्यावसायिक तालीम (Vocational Training) को विकल्पको रूपमा हेर्न पहल गरेका छन् ।

आइपेक (IPEC) र विश्व शिक्षाका अनुसार कार्यकालीन तालीम (Apprenticeship Training) भनेको सम्बन्धित व्यक्तिको सुपरीवेक्षणमा सञ्चालन गरिने यस्तो स्थलगत तालीम हो जसले प्रशिक्षार्थीहरूलाई सैद्धान्तिक ज्ञान, व्यावहारिक सीप र कामजन्य वातावरणको अनुभव प्रदान गर्दछ । यो सिकाइ यस्तो तरिका हो जसले कम्तीमा १४ वर्ष पुगेका बालश्रमिकहरूलाई संभाव्य रोजगारदाता मार्फत् पेशागत योग्यता प्रदान गरी जीविकाका लागि वास्तविक रुपमा तयार गर्दछ । यस तालीमले प्रशिक्षार्थीहरूलाई संभाव्य रोजगारदाताहरूसँग पनि परिचय गराउन सक्छ । कार्यकालीन तालीमले युवायुवतीमा आत्मविश्वास जगाउन सक्छ र आफ्ना समुदाय तथा मुलुकका लागि निर्वाह गर्नुपर्ने सकारात्मक भूमिकाबारे स्मरण गराउन सक्छ ।

## समष्टिगत उद्देश्य :

यस कार्यक्रमको समष्टिगत उद्देश्य निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरुको उद्धार गरी उनीहरुलाई सीप तथा ज्ञान सहित रोजगारीका उचित अवसरहरु प्रदान गर्नु हो । यसका साथै उनीहरुलाई राष्ट्रिय विकासका विभिन्न क्षेत्रहरु जस्तै : आर्थिक, शैक्षिक, श्रम बजारका नीति आदिमा पनि संलग्न गराउनु हो ।

## अन्तिम उद्देश्यहरु

यस पाठ्यक्रम अनुसारको प्रशिक्षण पछि कार्यकालीन तालीम प्रशिक्षार्थीहरु निम्न कामहरु सम्पन्न गर्न सक्षम हुनेछन् :

- पम्प राख्ने घर बनाउन सहायता गर्न सक्नेछन् ।
- बिजुली सम्बन्धी कामहरुमा सहायता गर्न सक्नेछन् ।
- पम्प र हाते पम्पहरुको यान्त्रिक भागहरु मरम्मत गरी चालु अवस्थामा राख्न सक्नेछन् ।
- पम्पमा साधारण पाइप फिट गर्न सक्नेछन् ।

## पाठ्यक्रम विवरणः

यो पाठ्यक्रम औद्योगिक प्रशिक्षार्थीहरुका लागि वाटर पम्प जडान गर्ने, मरम्मत गर्ने र चालु अवस्थामा राख्ने सम्बन्धी आधारभूत ज्ञान तथा सीप प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ । यसबाट औद्योगिक प्रशिक्षार्थीहरुमा मिस्त्रीहरुको रेखदेखमा आफ्नो क्षमता अभिवृद्धि गर्न सक्नेछन् । यो कार्यक्रम खास गरिकन

यान्त्रिक पूर्जाहरुलाई चालु अवस्थामा राख्न सक्छन् । साथसाथै यस पाठ्यक्रमले पाइप फिटिङ्गको काम र हाते पम्प चालु हालतमा राख्ने कुराहरुमा सीप प्रदान गर्दछ ।

### लक्षित समूह :

यस पाठचक्रमका लक्षित समुह अन्तर्गत निकृष्ट प्रकारका बालश्रममा रहेका १४ बर्ष भन्दा माथिका उमेर समूहका बालश्रमिकहरु पर्दछन् । नेपालमा निम्न निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरूलाई बालश्रमिक मानिएको छ :

क) घरेलु बालश्रमिकहरू

ख) बालभरियाहरू

ग) बाल बँधुवा मजदूरहरू

घ) अवैध बेचविखनमा परको बालबालिकाहरू

ङ) सडक बालबालिकाहरू (खाते)

च) गलैंचा कारखानामा काम गर्ने बालबालिकाहरू

छ) खानीमा कामगर्ने बालबालिकाहरू

### प्रशिक्षार्थी संख्या :

तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशालामा उपलब्ध सुविधाहरूको आधारमा कार्यकालीन तालीम प्रशिक्षार्थीहरूको संख्या थपघट हुन सक्छ । तर प्रभावकारी सिकाइका लागि पाँचजना भन्दा बढि संख्या अनुपयुक्त हुन्छ ।

### तालीम प्रवेशको लागि न्यूनतम मापदण्ड :

क) निकृष्ट प्रकारका बालश्रमसँग सम्बन्धित हुनुपर्दछ ।

ख) चौध देखि माथि अठार वर्ष तलको उमेरको हुनुपर्दछ ।

ग) कार्यकालीन तालीमका लागि इच्छुक तथा प्रतिबद्ध हुनुपर्दछ ।

घ) हालका मालिक/अभिभावकले अनुमति प्रदान गरेको हुनुपर्दछ ।

ङ) साक्षर हुनुपर्दछ ।

### समयावधि :

कार्यक्रमको कूल समयावधि तीन देखि पाँच महिना (हप्तामा ५ वा ६ दिन र दिनको २ वा ३ घण्टाको दरमा) अथवा तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशाला/व्यक्ति तथा टिविपी (TBP) कार्यक्रम चलाउने संस्थाका बीचमा भएको सम्झौता अनुसार हुनेछ । कूल समय मध्ये सैद्धान्तिक तथा प्रयोगात्मक समयको अनुपात भने २०:८० नै सुनिश्चित गरिनुपर्दछ ।

**प्रशिक्षणको माध्यम :**

प्रशिक्षणको माध्यम मूलतः नेपाली हुनेछ । प्रशिक्षणमा प्रयोग हुने औजार तथा मेशिनहरुको नामहरु भने चलन चल्तीमा रहेका जुनसुकै भाषामा हुन सक्नेछ ।

**न्यूनतम उपस्थितिको आवश्यकता :**

तालीम अवधिको कम्तीमा ९० प्रतिशत उपस्थिति जनाएका प्रशिक्षार्थीहरुले मात्र तालीममा सहभागी भएको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन् ।

**प्रमाणपत्र सम्बन्धी व्यवस्था :**

राष्ट्रिय सीप परीक्षण समिति (प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतको सीप परीक्षण महाशाखा) ले आफ्नो नियमानुसार सीप परीक्षण गरी सम्बन्धित कार्यकालीन तालीम प्रशिक्षार्थीलाई प्रमाण-पत्र प्रदान गर्ने छ ।

**कार्यकालीन तालीम दिनेको योग्यता :**

कार्यकालीन तालीम प्रदान गर्ने संस्था / उद्योग / कारखाना / कार्यशाला / व्यक्ति मा देहाय अनुसारको योग्यता हुनुपर्नेछ :

क) निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरूलाई उत्साह तथा प्रेरणा जगाई प्रशिक्षण दिन सक्ने,

ख) प्रशिक्षण सम्बन्धी तालीम तथा योग्यता भएको,

ग) तालीम संचालनका लागि उपयुक्त स्थान, उपकरणहरू, औजारहरू भएको,

घ) काम गर्ने सुरक्षित वातावरण भएको, तथा

ङ) रोजगारीको अवसरहरूको संम्भावना भएको ।

**प्रशिक्षार्थीको मूल्याङ्कन प्रक्रियाः**

कार्यकालीन तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशाला/व्यक्ति ले लगातारको मूल्याङ्कन तथा अनुगमनको आधारमा कार्यकालीन तालीम प्रशिक्षार्थीको मूल्याङ्कन गरिनेछ ।

**उपकरण, औजार तथा सामाग्रीहरू :**

यस तालीम संचालनका लागि देहायका उपकरण, औजार तथा सामाग्रीहरू आवश्यक पर्दछन् । कार्यकालीन तालीम प्रशिक्षार्थीहरूको संख्या, उपकरण तथा औजारको प्रयोग हुने समयको (कति पटक) आधारमा उपकरण तथा औजारहरुको आवश्यक संख्या फरक हुन सक्नेछ ।

| क्र.सं. | औजार/उपकरणहरुको नामावली | एकाइ |
|---|---|---|
| १. | पाइप रेञ्च | |
| २. | स्टाण्ड सहितको भाइस | |
| ३. | डाइसेट | |
| ४. | पेचकस | |
| ५. | राम्रो हथौडा | |
| ६. | आरी पत्ती | |
| ७. | एड्जष्टेवल रेन्च | |
| ८. | साधारण प्लाएर्स | |
| ९. | गोटी रेन्च | |
| १०. | मङ्की प्लाएर्स | |
| ११. | एन्टि प्लाएर्स | |
| १२. | पुटर | |
| १३. | ल्याण्ड कि सेट | |
| १४. | रिङ्ग रेन्च | |
| १५. | मल्टिमिटर | |
| १६. | सेन्टर पन्च | |
| १७. | फाईल सेट | |
| १८. | वेरिङ्ग फिट गर्नका लागि पाइपका टुक्रा | |
| १९. | नाप्ने फित्ता | |
| २०. | स्पिरिट लेभल | |
| २१. | क्यालिपर | |

## प्रशिक्षणका लागि सुझावहरु

- उद्देश्यहरुको छनौट गर्ने ।
  - संज्ञानात्मक क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
  - मनोकृयात्मक क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
  - प्रभावी क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
- विषयबस्तुको छनौट गर्ने
  - विषयबस्तुको विस्तृत अध्ययन गर्ने ।
  - संज्ञानात्मक क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
  - मनोकृयात्मक क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
  - प्रभावी क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
- शैक्षणिक विधिहरुको छनौट गर्ने
  - विविध शैक्षणिक विधिहरु :
    - शिक्षक सक्रिय विधिहरु,
    - विद्यार्थी सक्रिय विधिहरु,
    - अन्तरक्रिया विधिहरु,
    - नाटकीय विधिहरु र
    - सामग्री केन्द्रित विधिहरु ।
  - निम्न आधारमा छनौट गर्ने :
    - पाठका (संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी) क्षेत्रको उद्देश्यहरुका आधारमा ,
    - विषयबस्तुको स्वरुपको आधारमा ,
    - शिकारुको स्तर (संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी) का उद्देश्यहरुका आधारमा ,
    - प्राप्य शैक्षणिक सामग्रीहरुको आधारमा र
    - शिक्षकको अनुभव तथा पृष्ठभूमिको आधारमा ।
- विविध शैक्षणिक सामग्रीहरुको छनौट गरी उपयुक्त स्थान र समयमा प्रयोग गर्ने ।
- मूल्याङ्कन गर्ने
  - विविध मूल्याङ्कनका साधनहरु निर्माण गर्ने
  - मूल्याङ्कनका साधनहरु प्रयोग गरी संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी क्षेत्रका उद्देश्यहरु प्राप्तिका मूल्याङ्कन गर्ने
- कक्षा कोठा र फिल्ड कार्यको व्यवस्थापन र संगठनको योजना तयार गर्ने ।
- उद्देश्य, विषयबस्तु र शिक्षण विधिका वीच तालमेल गराउने ।
- पाठयोजनाहरु (सैद्धान्तिक र प्रयोगात्मक पाठयोजनाहरु) तयार गर्ने ।
- कार्यक्रम संचालन गर्ने ।
- कार्यक्रमको मूल्याङ्कन गर्ने ।

## प्रशिक्षार्थीका कार्य सम्पादन मूल्याङ्कनको लागि विशेष सुझाव :

- कार्य विश्लेषण गर्ने ।
- कार्य विश्लेषणको आधारमा विस्तृत कार्य सम्पादन जाँच्ने सूची तयार गर्ने ।
- 'जाँच्ने सूची' प्रयोग गरी परिक्षार्थीहरुको लगातार कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

## सीप तालीमका लागि सुझाव :

- प्रशिक्षकले कार्य सम्पादन प्रदर्शन गर्ने :
  - सामान्य गतिमा प्रदर्शन गर्ने ।
  - मन्द गतिमा हरेक क्रियाकलाप र कामहरुको बयान गर्दै प्रदर्शन गर्ने ।

- द्रुत गतिमा प्रदर्शन गर्ने ।

- प्रशिक्षार्थीलाई अभ्यासको मौका दिने :
  - सिकारुलाई पहिले हरेक कदमहरुमा सहयोग गर्दै अभ्यास गर्न सिकाउने/ लगाउने ।
  - सिकारुलाई स्वतन्त्ररुपमा गर्न सक्ने बनाउन आवश्यक संख्यामा अभ्यासहरु गर्ने मौका दिने ।
  - सिकारु सम्बन्धित सीपमा कुशल भएपछि मात्र अर्को सीप (कार्य) सिकाउने ।
- अन्य सुझावहरु :
  - सीपमूलक तालीममा सिद्धान्तहरु प्रयोग गर्ने ८०५ समय कार्य सम्पादन र २०५ समय सैद्धान्तिक प्रशिक्षणमा खर्च गर्ने ।
  - वयस्क सिकाईका सिद्धान्तहरु प्रयोग गर्ने ।
  - सिकारुहरुमा आन्तरिक उत्प्रेरणा जागरण गराउँदै अधिकतम सिकाई क्रियाकलापमा संलग्न गराउने ।
  - सिकारुका ज्ञान, सीप र प्रवृत्तिको आधारमा प्रशिक्षण गर्ने ।

## मुख्य कार्य तथा सीपहरुको संक्षिप्त सूची

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| क. | व्यवस्थापनको लागि सहायता गर्ने | | | |
| | क.१. नाप्नलाई सहायता गर्ने | २ | ३ | ५ |
| | क.२. कामको अनुमान (पाइप) गर्न सहायता गर्ने | २ | ३ | ५ |
| | क.३. बिल तयार गर्न सहायता गर्ने | २ | २ | ४ |
| | क.४. क्वायल (तार) तौलने | १ | २ | ३ |
| | क.५. सामानहरु खरीद गर्नमा सहायता गर्नु | २ | ४ | ६ |
| | क.६. औजारहरुको व्यवस्था गर्ने | २ | ३ | ५ |
| | क.७. कार्यशाला सफा गर्ने | १ | २ | ३ |
| ख. | पम्प राख्ने घर बनाउन सहायता गर्ने | | | |
| | ख.१. पम्प राख्ने स्थान चयन गर्न सहायता गर्ने | १ | २ | ३ |
| | ख.२. पम्प राख्ने ठाउँको जग सम्याउने | १ | २ | ३ |
| | ख.३. पम्पलाई निश्चित ठाउँमा राख्ने | १ | २ | ३ |
| | ख.४. पम्पलाई छोप्ने | १ | २ | ३ |
| | ख.५. स्विच बक्स राख्न सहायता गर्ने | २ | ४ | ६ |
| ग. | बिजुलीको काम गर्न सहायता गर्ने | | | |
| | ग.१. बिजुलीको करेन्ट जाँच गर्ने | ३ | ३ | ६ |
| | ग.२. क्यापासिटर जाँच्ने/फेर्ने | १ | २ | ३ |
| | ग.३. जलेको क्वायल हटाएर अर्को फेर्ने | १ | ३ | ४ |
| | ग.४. क्वायल हाउजिङ्ग सफा गर्ने | १ | ३ | ४ |
| | ग.५. इन्सुलेटिङ्ग पेपर परिवर्तन गर्ने | २ | २ | ४ |
| | ग.६. नयाँ क्वायल बेर्न सहायता गर्ने | २ | ३ | ५ |
| | ग.७. क्वायल मा बार्निस लगाउने | २ | २ | ४ |
| | ग.८. बिजुली सम्बन्धी चुहावट जाँच्ने/मरम्मत गर्ने | २ | ३ | ५ |

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| घ. | मेकानिकल भागहरु मरम्मत गर्न सहायता गर्ने | | | |
| | घ.१. बियरिङ्ग मा ग्रिज लगाउने/जाँच्ने | १ | ३ | ४ |
| | घ.२. आयल सिल जाँच्ने/फेर्ने | १ | २ | ३ |
| | घ.३. इम्पेलर जाँच्ने/फर्ने | १ | २ | ३ |
| | घ.४. रोटर साफ्ट जाँच गर्ने | १ | ३ | ४ |
| | घ.५. मोटर फ्यान जाँच्ने | १ | २ | ३ |
| | घ.६. मोटरको मुख्य भाग रङ्गाउने | १ | ३ | ४ |
| | घ.७. मोटरको पूर्जाहरु जोड्ने/मरम्मत गर्ने | २ | ३ | ५ |
| | घ.८. मोटरको मुख्य भाग जाँच्ने/मरम्मत गर्ने | १ | ३ | ४ |
| | घ.९. वाटर लिफ्टिङ्ग जाँच्ने | १ | ३ | ४ |
| | घ.१०. पुल्ली जोड्ने | १ | २ | ३ |
| | घ.११. बेल्ट जाँच्ने/फेर्ने (फ्यान, पुल्ली) | १ | २ | ३ |
| | घ.१२. काउप्लिङ्ग रबर बदल्ने | २ | २ | ४ |
| ङ. | पाइप जडान गर्नमा सहायता गर्ने | | | |
| | ङ.१. पाइप काट्ने | २ | ३ | ५ |
| | ङ.२. चुरी काट्ने | २ | ५ | ७ |
| | ङ.३. इल्बो जोड्ने | १ | २ | ३ |
| | ङ.४. सकेट जोड्ने | १ | २ | ३ |
| | ङ.५. "टी" जोड्ने | १ | २ | ३ |
| | ङ.६. यूनियन जोड्ने | १ | २ | ३ |
| | ङ.७. चेक भल्भ जोड्ने | १ | ३ | ६ |
| | ङ.८. गेट भल्भ जोड्ने | २ | ४ | ६ |
| | ङ.९. निप्पल जोड्ने | २ | ३ | ५ |
| | ङ.१०. पाइप जडान गर्ने | २ | ४ | ६ |
| | ङ.११.पानीको चुहावट जाँच गर्ने/मरम्मत गर्ने | १ | २ | ३ |

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| | ङ.१२. रिड्युसर जोड्ने | १ | ३ | ४ |
| | ङ.१३. प्लग फिट गर्ने /हटाउने | १ | २ | ३ |
| | ङ.१४. फ्लेञ्ज जोड्ने । | १ | २ | ३ |
| च. | हाते पम्प चालु अवस्थामा राख्ने | | | |
| | च.१. बकेट फेर्ने | १ | २ | ३ |
| | च.२. नन् रिटर्न भल्भ जोड्ने (रबर, लेदर सिटी भल्भ आदि) | २ | ४ | ६ |
| | च.३. बेड फिट गर्ने /फेर्ने | | २ | २ |
| | च.४. फ्लेञ्ज फेर्ने/फिट गर्ने | १ | २ | ३ |
| | च.५. पिस्टन ठिक अवस्थामा राख्ने | १ | २ | ३ |
| | च.६. ह्याण्डल अवस्थामा राख्ने | १ | २ | ३ |
| | च.७. पम्पको मूख्यभाग ठिक अवस्थामा राख्ने | १ | ३ | ४ |
| छ. | अन्यसँग संचार गर्ने | | | |
| | छ.१. वाटर पम्प मरम्मत गर्ने (मिस्त्री) सँग संचार गर्ने | १ | २ | ३ |
| | छ.२. ग्राहकसँग संचार गर्ने | १ | २ | ३ |
| | छ.३. रोजगारदातासँग संचार गर्ने | १ | २ | ३ |
| | छ.४. सहकर्मीहरुसँग संचार गर्ने | १ | २ | ३ |
| | छ.५. सुपरिवेक्षकसँग संचार गर्ने | १ | २ | ३ |
| | छ.६. आपूर्तीकर्तासँग संचार गर्ने | १ | २ | ३ |
| | छ.७. आगन्तुकसँग संचार गर्ने | १ | २ | ३ |
| | छ.८. कनिष्ठसँग संचार गर्ने | १ | २ | ३ |
| | छ.९. फलाम पसल/हार्डवेयर पसलसँग संचार गर्ने | १ | २ | ३ |
| | छ.१०. टेलिफोन रीसिभ गर्ने | १ | २ | ३ |
| ज. | पेशागत वृत्ति विकास गर्ने | | | |
| | ज.१. वाटर पम्प मरम्मत गर्ने (मिस्त्री) सँग परामर्श लिने | १ | २ | ३ |
| | ज.२. अन्य कार्यशालाहरुको भ्रमण गर्ने | १ | ३ | ४ |

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सै. | प्रयो. | जम्मा |
| | ज.३. सम्बन्धित सामाग्रीहरुको अध्ययन गर्ने (कागजपत्र, पुस्तिका, ब्रोशियर इत्यादि) | १ | ३ | ४ |
| | ज.४. तालीमका लागि कार्यक्रम/स्थान आदिको खोजी गर्ने | १ | ४ | ५ |
| | ज.५. तालीम/सेमिनार/कार्यशालाहरुमा उपस्थित हुने | १ | २ | ३ |
| | ज.६. श्रव्य-दृश्यहरुको अवलोकन गर्ने | १ | २ | ३ |
| | ज.७. इन्टरनेट चलाउने | १ | २ | ३ |
| | जम्मा | ९० | १५७ | २४७ |

## मुख्य कार्य (Duty) नं. १: व्यवस्थापनको लागि सहायता गर्ने

| क्र.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | नाप्नलाई सहायता गर्ने | ▪ इकाइ र नाप<br>▪ एम.के.एस./ एस.आई. र एफ.पि.एस. प्रणाली<br>▪ मेट्रिक सिस्टम (एम.के.एस. बाट फिट प्रणालीमा बदल्ने) | २ | ३ | ५ | |
| २. | कामको अनुमान (पाइप) गर्न सहायता गर्ने | ▪ सामान तथा मूल्यको अनुमान (विचारमात्र)<br>▪ साधारण हिसाब (जोड, घटाउ, गुणन, भाग)<br>▪ प्रतिशत<br>▪ प्रयोग गरिने सामानको नाप, इकाइ, मात्रा र कामको दर | २ | ३ | ५ | |
| ३. | बिल तयार गर्न सहायता गर्ने | ▪ साधारण हिसाब<br>▪ डेबिट, क्रेडिट, भर्पाइ र बिल (विचार मात्र) | २ | २ | ४ | |
| ४. | तार तौलने | ▪ तौलको नाप<br>▪ लठ्ठाको नाप, गेज नम्बर | १ | २ | ३ | |
| ५. | सामानहरु खरीद गर्नमा सहायता गर्ने | ▪ सामानहरु<br>▪ परिमाणात्मक र गुणात्मक<br>▪ मूल्यको दर र उद्धरण | २ | ४ | ६ | |
| ६. | औजारहरु व्यवस्थित गर्ने | ▪ हाते औजारहरुको परिचय र महत्व<br>▪ औजारहरु साझ्ने र चलाउने बारेको जानकारी<br>▪ औजारहरुको रेखदेख र प्रयोग<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ३ | ५ | |
| ७. | कार्यशाला सफा गर्ने | ▪ सफाइको महत्व<br>▪ निश्चित अवधि ( हप्ता/महिना)<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |

## मुख्य कार्य (Duty) नं. २: पम्प राख्ने घर बनाउन सहायता गर्ने

| क्र.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | पम्प राख्ने स्थान चयन गर्न सहायता गर्ने | ▪ स्थानको पहिचान र यसको महत्व<br>▪ स्थान चयन गर्ने प्रविधि<br>▪ माटोको प्रकार र पानीको तह | १ | २ | ३ | |

| क्र.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| २. | पम्प राख्ने ठाउँको जग सम्याउने | ▪ जगको महत्व र सतह समतल बनाउनुको महत्व<br>▪ पम्प राख्नका लागि जगको तयारी<br>▪ समतल बनाउने उचित तरिका | १ | २ | ३ | |
| ३. | पम्पलाई निश्चित ठाउँमा राख्ने | ▪ पम्पलाई निश्चित गर्नुको महत्व<br>▪ निश्चित गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| ४. | पम्पलाई छोप्ने | ▪ पम्प गार्ड को महत्व<br>▪ पम्प चलाउने तरिका | १ | २ | ३ | |
| ५. | स्विच बक्स राख्न सहायता गर्ने | ▪ बिजुली, करेन्ट, भोल्टेज, प्रतिरोधी क्षमताका बारेमा आधारभूत ज्ञान<br>▪ बिजुलीका अङ्गहरुको पहिचान र महत्व<br>▪ वाइरीङ्गलाई जनाउने चित्र (Diagram) र प्रतिक<br>▪ लठ्ठाको सम्बन्ध | १ | ४ | ५ | |

**<u>मुख्य कार्य (Duty) नं. ३</u>: बिजुलीको काम गर्न सहायता गर्ने :**

| क्र.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | बिजुलीको करेन्ट जाँच गर्ने | ▪ करेन्टका प्रकारहरु (ए.सी., डि.सी., फेज, न्युट्रल र जीवित<br>▪ मल्टिमिटर को प्रयोग<br>▪ जाँच्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | ३ | ३ | ६ | |
| २. | क्यापासिटर जाँच्ने/ठीक ठाउँमा राख्ने | ▪ क्यापासिटरको पहिचान र महत्व<br>▪ क्यापासिटरको प्रयोजन, प्रकार र प्रयोग<br>▪ जाँच्ने र यथास्थानमा राख्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| ३. | जलेको क्वायल हटाएर अर्को फेर्ने | ▪ क्वायलको पहिचान र महत्व<br>▪ क्वायलको प्रयोजन, प्रकार र प्रयोग<br>▪ निरन्तर जाँच | १ | ३ | ४ | |

| क्र.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ अर्को फेर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | | | | |
| ४. | तार/क्वायल हाउजिङ्ग सफा गर्ने | ▪ क्वायल हाउजिङ्गको पहिचान र महत्व<br>▪ सफा गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ५. | इन्सुलेटिङ्ग पेपर बदल्ने | ▪ इन्सुलेटरको पहिचान र महत्व<br>▪ इन्सुलेटरको प्रयोजन, प्रकार र प्रयोग<br>▪ इन्सुलेटिङ्गको उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | २ | ४ | |
| ६. | नयाँ तार/क्वायल बेर्न सहायता गर्ने | ▪ क्वायल को नाप, प्रकार र फेरोको संख्या<br>▪ वाइण्डिङ्गका प्रकारहरु (घडीको दिशा र घडीको विपरित दिशा)<br>▪ वाइन्डिङ्ग गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ३ | ५ | |
| ७. | क्वायलमा बार्निस लगाउने | ▪ क्वायल इन्सुलेसनको महत्व, प्रयोजन र प्रयोग<br>▪ बार्निसका सामानहरु<br>▪ बार्निस लगाउने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | २ | ४ | |
| ८. | बिजुली सम्बन्धी चुहावट जाँच्ने/मरम्मत गर्ने | ▪ बिजुली चुहावट, भोल्टेज गिरावट र रेजिष्टेन्स सम्बन्धी धारणा<br>▪ दोष निरुपण<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ३ | ५ | |

**<u>मुख्य कार्य (Duty) नं. ४:</u> मेकानिकल भागहरु मरम्मत गर्न सहायता गर्ने :**

| क्र.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | बियरिङ्ग मा ग्रिज लगाउने/जाँच्ने | ▪ बियरिङ्ग को पहिचान र महत्व<br>▪ बियरिङ्ग को नाप र नम्बर<br>▪ ग्रिज लगाउने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| २. | आयल सिल जाँच्ने/फेर्ने | ▪ आयल सिलको पहिचान र महत्व | १ | २ | ३ | |

| क्र.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ आयल सिलको प्रयोजन र प्रयोग<br>▪ आयल सिल फेर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | | | | |
| ३. | इप्पेलर जाँच्ने/फर्ने | ▪ इप्पेलरको पहिचान र महत्व<br>▪ इप्पेलरको प्रकार र काम गर्ने तरिका<br>▪ इप्पेलरको रेखदेख र सर्भिसिङ्ग<br>▪ फेर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| ४. | रोटर साफ्ट जाँच गर्ने | ▪ रोटरको पहिचान र महत्व<br>▪ रोटर जाँच्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ५. | मोटर फ्यान जाँच्ने | ▪ फ्यान को पहिचान र महत्व<br>▪ फ्यान को प्रयोजन र प्रकार<br>▪ फ्यान फेर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| ६. | मोटरको मुख्य भाग रङ्गाउने | ▪ रङ्गाउनुको प्रयोजन र महत्व<br>▪ रङ्गको परिचय<br>▪ रङ्गाउने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ७. | मोटरको पूर्जाहरु जोड्ने/मरम्मत गर्ने | ▪ मोटरका अंगहरुको पहिचान र महत्व<br>▪ धेरै चलाएर बिग्रेको (Worn) भागको जाँच गर्ने<br>▪ जाँचेर मरम्मत गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ३ | ५ | |
| ८. | मोटर बडी जाँच्ने/मरम्मत गर्ने | ▪ मोटरको महत्व र कार्य<br>▪ मोटरको भागहरुको पहिचान<br>▪ अंगहरुको जाँच र भाँचिएको भाग पत्ता लगाउने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ९. | वाटर लिफ्टिङ्ग जाँच्ने | ▪ वाटर लिफ्टिङ्ग (धारणा मात्र)<br>▪ समस्या समाधान विधि<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| १०. | पुल्ली जोड्ने | ▪ पुल्लीको महत्व र प्रयोजन<br>▪ पुल्ली फिट गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |

| क्र.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| ११. | बेल्ट जाँच्ने/फेर्ने (फ्यान, पुल्ली) | ▪ बेल्ट (पंखा पुल्ली)को पहिचान र महत्व<br>▪ बेल्टको नाप र संख्या<br>▪ फित्ताको तन्काइ तथा खुकुलोपना मिलाउनुको आवश्यकता<br>▪ समस्या समाधान विधि | १ | २ | ३ | |
| १२. | काउप्लिङ्ग रबर बदल्ने | ▪ काउप्लिङ्गको पहिचान र महत्व<br>▪ काउप्लिङ्गको प्रयोजन<br>▪ पानीको चुहावटका लागि ग्ल्याण्ड, रबर र सील प्रयोग गर्नुको प्रयोजन | २ | २ | ४ | |

**<u>मुख्य कार्य (Duty) नं. ५</u>: पाइप फिट गर्न सहायता गर्ने :**

| क्र.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | पाइप काट्ने | ▪ जी.आई. पाइपको पहिचान<br>▪ पाइपको नाप, प्रकार, व्यास एवं लम्बाई<br>▪ पाइप काट्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ३ | ५ | |
| २. | चुरी काट्ने | ▪ चुरीको पहिचान र महत्व<br>▪ चुरीको प्रयोजन<br>▪ चुरीको प्रकार र नाप<br>▪ प्रति इन्च चुरीको संख्या<br>▪ चुरी काट्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ५ | ७ | |
| ३. | एल्बो फिट गर्ने | ▪ एल्बो को महत्व र पहिचान<br>▪ एल्बो को प्रयोग र पहिचान<br>▪ फिट गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| ४. | सकेट फिट गर्ने | ▪ सकेटको महत्व र पहिचान<br>▪ सकेटको पहिचान र प्रयोग<br>▪ फिट गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| ५. | टी जोड्ने | ▪ टी को पहिचान र महत्व<br>▪ टी को प्रयोजन र प्रयोग<br>▪ फिट गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |

| क्र.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| ६. | यूनियन जोड्ने | ▪ यूनियनको महत्व र पहिचान (ब्रास यूनियन र जी.आई. यूनियन)<br>▪ यूनियनको प्रयोजन र प्रयोग<br>▪ फिट गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| ७. | चेक भल्भ फिट गर्ने | ▪ चेक भल्भ को महत्व र पहिचान<br>▪ भागहरुको पहिचान<br>▪ चेक भल्भको प्रयोजन र प्रयोग<br>▪ समस्या समाधान<br>▪ फिट गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ३ | ५ | |
| ८. | गेट भल्भ फिट गर्ने | ▪ गेट भल्भ को महत्व र पहिचान<br>▪ गेट भल्भ को प्रयोजन र प्रयोग<br>▪ समस्याको पहिचान<br>▪ फिट गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ४ | ६ | |
| ९. | नीप्पल फिट गर्ने | ▪ नीप्पलको महत्व र पहिचान<br>▪ नीप्पलको प्रयोजन र प्रयोग<br>▪ उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ३ | ५ | |
| १०. | पाइप फिट गर्ने | ▪ पाइप फिट गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ४ | ६ | |
| ११. | पानीको चुहावट जाँच गर्ने / मरम्मत गर्ने | ▪ चुहावट हुने स्थानको पहिचान<br>▪ हावा नछिरोस् भन्नका लागि प्रयोग गरिने जुट, ग्यास्केट, सील, ग्लाण्डको आवश्यकता<br>▪ एम.सील र अरु चुहावट रोक्ने सामानहरु<br>▪ उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| १२. | रिड्युसर फिट गर्ने | ▪ पहिचान र महत्व<br>▪ रिड्युसरको प्रयोग र प्रयोजन<br>▪ फिट गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |

| क्र.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १३. | प्लग फिट गर्ने/हटाउने | ▪ प्लगको पहिचान<br>▪ प्लगको प्रयोजन र प्रयोग<br>▪ फिट गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| १४. | फ्ल्यान्ज सेट फिट गर्ने | ▪ फ्ल्यान्जको पहिचान र महत्व<br>▪ फ्ल्यान्जको प्रयोजन र प्रयोग<br>▪ फिट गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |

**<u>मुख्य कार्य (Duty) नं. ६</u>: हाते पम्प चालु अवस्थामा राख्ने :**

| क्र.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | बकेट फेर्ने | ▪ बकेट को पहिचान र महत्व<br>▪ बकेट को काम, प्रयोग र हेरचाह<br>▪ फेर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| २. | नन् रिटर्न भल्भ जोड्ने ( रबर, लेदर सिटी भल्भ आदि) | ▪ नन् रिटर्न भल्भ को पहिचान र महत्व<br>▪ नन् रिटर्न भल्भ को काम र प्रकार<br>▪ भल्भ को हेरचाह<br>▪ फिट गर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | ४ | ६ | |
| ३. | बेड फेर्ने/फिट गर्ने | ▪ बेडको पहिचान र महत्व<br>▪ बेड/चेकाबेड को काम<br>▪ फेर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | | २ | २ | |
| ४. | फ्लेन्ज फेर्ने/फिट गर्ने | ▪ मुख्य कार्य नं. ५ को कार्य १४ हेर्नुहोस् । | १ | २ | ३ | |
| ५. | पिस्टन ठीक अवस्थामा राख्ने | ▪ पिस्टनको पहिचान र महत्व एवं यसका अंगहरु<br>▪ पिस्टनको काम<br>▪ पिस्टनको हेरचाह र खपाई<br>▪ फेर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| ६. | ह्याण्डल ठीक अवस्थामा राख्ने | ▪ ह्याण्डलको पहिचान र महत्व<br>▪ ह्याण्डलको नाप, लम्बाइ र स्ट्रोक | १ | २ | ३ | |

| क्र.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ फेर्ने उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | | | | |
| ७. | पम्पको मुख्य भाग ठीक अवस्थामा राख्ने | ▪ पम्पका अंगहरुको पहिचान<br>▪ समस्या समाधान गर्ने विधि<br>▪ उचित तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |

**<u>मुख्य कार्य (Duty) नं. ७:</u> अन्यसँग सम्पर्क राख्ने :**

| क्र.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | वाटर पम्प मरम्मत गर्ने ( मिस्त्री) सँग संचार गर्ने | ▪ संचारको अर्थ र महत्व<br>▪ संचारका प्रकारहरु (मौखिक, सांकेतिक रुपमा, लिखित)<br>▪ मौखिक संचारको प्रविधि<br>▪ सहयोगात्मक कामका लागि सम्वाद<br>▪ सूचना आदान-प्रदान<br>▪ सिनीयरहरुसँग कामबारे अग्रिम छलफल<br>▪ संवादका लागि उपयुक्त भाषाको प्रयोग (तल्ला तथा उच्च तहका कर्मचारीहरुसँग) | १ | २ | ३ | |
| २. | ग्राहकसँग संचार गर्ने | ▪ ग्राहकहरुको कुरा र उनीहरुको विचारको महत्व (विचार दिने, अस्पष्ट कुराहरु समाधानका उपाय) | १ | २ | ३ | |
| ३. | रोजगारदातासँग संचार गर्ने | ▪ कार्य नं. २ हेर्नुहोस् । | १ | २ | ३ | |
| ४. | सहकर्मीहरुसँग संचार गर्ने | ▪ दिइएको कामका बारेमा सहकर्मीहरुसँग छलफल गर्नुको महत्व | १ | २ | ३ | |
| ५. | सुपरिवेक्षकसँग संचार गर्ने | ▪ कार्य नं. १ हेर्नुहोस् । | १ | २ | ३ | |
| ६. | आपूर्तीकर्तासँग संचार गर्ने | ▪ कार्य नं. २ हेर्नुहोस् । | १ | २ | ३ | |
| ७. | आगन्तुकसँग संचार गर्ने | ▪ कार्य नं. २ हेर्नुहोस् । | १ | २ | ३ | |
| ८. | कनिष्ठसँग संचार गर्ने | ▪ कार्य नं. ४ हेर्नुहोस् । | १ | २ | ३ | |
| ९. | फलाम पसल/हार्डवेयर | ▪ माग र पूर्तीको अर्डर<br>▪ बील/भर्पाइ | १ | २ | ३ | |

| क्र.सं. | सीपहरु (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | पसलसँग संचार गर्ने | ▪ सामानहरुको आपूर्ती र डेलिभरी | | | | |
| १०. | टेलिफोन रीसिभ गर्ने | ▪ टेलिफोनको अर्थ, महत्व र काम<br>▪ टेलिफोन रीसिभ गर्ने प्रविधि<br>▪ टेलिफोन रीसिभ गर्ने तरिका<br>▪ खबर लेख्ने प्रविधि | १ | २ | ३ | |

**<u>मुख्य कार्य (Duty) नं. ८: व्यावसायीक बन्ने :</u>**

| क्र.सं. | आवश्यक क्षमता (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | वाटर पम्प मरम्मत गर्ने (मिस्त्री) सँग सम्पर्क राख्ने | ▪ वाटर पम्प मरम्मत गर्ने (मिस्त्री) हरुसँग पेशाको खोजी सम्बन्धी गरिने क्रियाकलापहरुको महत्व | १ | २ | ३ | |
| २. | अन्य कार्यशालाहरुको भ्रमण गर्ने | ▪ अन्य कार्यशालाहरुको भ्रमण गर्नुको फाइदा | १ | ३ | ४ | |
| ३. | सम्बन्धित सामाग्रीहरुको अध्ययन गर्ने (कागज पत्र, पुस्तिका, ब्रोशियर) | ▪ पेशासँग सम्बन्धित कागज पत्र, पुस्तिका, सीट आदिको अध्ययनबाट हुने फाइदा | १ | ३ | ४ | |
| ४. | तालीम/सेमिनार/ कार्यशालाहरुमा उपस्थित हुने | ▪ बढुवाका लागि तालीमको महत्व<br>▪ पुर्नताजगी तालीमका लागि तालीम दिने व्यक्ति/संस्थाको खोजी | १ | ४ | ५ | |
| ५. | श्रव्य-दृश्यहरुको अवलोकन गर्ने | ▪ टि.भी.च्यानल, श्रव्य-दृश्य सामाग्रीहरुसँग परिचय<br>▪ श्रव्य-दृश्यबाट सिकिने कुराहरुको महत्व | १ | २ | ३ | |
| ६. | इन्टरनेट चलाउने | ▪ कम्प्यूटर बारेको जानकारी<br>▪ इन्टरनेट चलाउने प्रविधी | १ | २ | ३ | |
| ७. | तालीमका लागि कार्यक्रम/स्थान आदिको खोजी गर्ने | ▪ व्यावसायिक बन्नुपर्ने आवश्यकता<br>▪ पेशागत रुपबाट संस्थाभित्र तथा संस्था बाहिर अगाडि बढ्ने मौकाको महत्व | | | | |